बैठक संख्या: १५।२०८२-२०८३
बैठक मिति:२०८२।०९।२३ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

आज मिति २०८२।०९।२३ गते बुधबार दिनको २:०० बजे रामधुनी नगरपालिकाका नगर प्रमुख श्री शंकरलाल चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

**उपस्थिति**

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री शंकरलाल चौधरी | नगर प्रमुख (अध्यक्ष) | |
| २ | श्री तारा थापा | नगर उप प्रमुख | |
| ३ | श्री महेश कुमार चौधरी | वडाध्यक्ष वडा नं. १ | |
| ४ | श्री राम नारायण चौधरी | वडाध्यक्ष वडा नं. २ | |
| ५ | श्री बुध नारायण चौधरी | वडाध्यक्ष वडा नं. ३ | |
| ६ | श्री कमल कार्की | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | श्री लेखनाथ बास्तोला | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | श्री शिव शंकर राजधामी | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | श्री केशव गौतम | वडाध्यक्ष वडा नं. ७ | |
| १० | श्री सुरेन्द्र सिंह खवास | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | श्री घनश्याम चौधरी | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | श्री राजेन्द्र कुमार साह | कार्यपालिका सदस्य | |
| १३ | श्री सोम कुमारी सुनुवार | कार्यपालिका सदस्य | |
| १४ | श्री पुनम देवी वि.क. | कार्यपालिका सदस्य | |
| १५ | श्री शुशिला ढुंगाना | कार्यपालिका सदस्य | |
| १६ | श्री भगवती खड्का | कार्यपालिका सदस्य | |
| १७ | श्री सरिता परियार | कार्यपालिका सदस्य | |
| १८ | श्री कमली चौधरी मोची | कार्यपालिका सदस्य | |
| १९ | श्री पवित्रा कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| २० | श्री तेज नारायण यादव | प्रमुख प्रशासकीय अधिकृत | |



CamScanner

बैठक संख्या: १५।२०८२-२०८३
बैठक मिति:२०८२।०९।२३ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

| अन्य उपस्थितिः कर्मचारी | | | |
|---|---|---|---|
| १ | श्री विरेन्द्र सिग्देल | लेखा शाखा प्रमुख | |
| २ | श्री सरोज कोईराला | सूचना प्रविधि अधिकृत | |
| ३ | श्री मुना पोखरेल | प्रशासन शाखा | |
| ४ | | | |
| ५ | | | |

प्रस्तावहरु.

१. प्रस्ताव नं. १ः वडा नं. ९ को गौरवको योजना सम्वन्धमा।

२. प्रस्ताव नं. २ः विविध।

निर्णयहरु

निर्णय नं.१

रामधुनी नगरपालिकाद्वारा आ.व. २०८२/०८३ मा विनियोजित नगर गौरवका योजना अन्तर्गत वडा नं. ९ मा रहेको मर्चौया कदम चौकदेखि पूर्व नन्द कुमारको घर हुँदै मुसहरी जाने बाटो कालोपत्रे (वडा नं. ९ शीर्षक) मा विनियोजित रकम रु. ५०,००,०००।— रहेकोमा सो बाटो कार्यान्वयन गर्न आवश्यक एजिङ उपलब्ध नभएको साथै स्थलगत प्राविधिक प्रतिवेदन अनुसार पिच निर्माणका लागि यन्त्र उपकरण ल्याउन समस्या भएकोले बाँकी परिमाण पुष्पलाल चौधरीको घर देखि मर्चाइनको बोट सम्मको बाटो कालोपत्रे गर्ने निर्णय गरियो।

निर्णय नं.२(क)

रामधुनी नगरपालिका वडा नं. ३ को च.नं. ००९२८ मिति २०८२/०८/१९ गतेको प्राप्त पत्र तथा रामधुनी नगरपालिका वडा नं. ३ निवासी श्री महेन्द्र बहादुर खत्रीको माग निवेदनअनुसार निज निवेदकको परालको माचमा मिति २०८२/०७/२२ गते दिउँसो २:४५ बजे आगलागी भएको हुँदा रामधुनी नगरपालिकाको विपद् व्यवस्थापन शीर्षकबाट कट्टा हुने गरी रकम रु. १०,०००।— (दश हजार मात्र) आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो।

बैठक संख्या: १५।२०८२-२०८३
बैठक मिति:२०८२।०९।२३ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं.२(ख)**

रामधुनी नगरपालिका वडा नं. ३ को च.नं. ०१२०५ मिति २०८२/०९/२३ गतेको प्राप्त पत्र तथा वडा नं. ३ निवासी श्री अस्मिता चौधरीको माग निवेदन अनुसार निजका ससुरा बुवा श्री लक्ष्मण चौधरीको उपचारका लागि आर्थिक सहयोग शीर्षकबाट रकम रु. १०,०००।— (दश हजार रुपैयाँ मात्र) प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं.२(ग)**

रामधुनी नगरपालिका वडा नं. ९ को प्राप्त पत्रअनुसार रामधुनी नगरपालिका वडा नं. ९ निवासी श्री विशेश्वर साहको खुट्टा भाँचिएकाले उपचारका लागि आवश्यक भएको तथा निजको आर्थिक अवस्था कमजोर रहेको हुँदा आर्थिक सहायता शीर्षकबाट रकम रु. १०,०००।— (दश हजार रुपैयाँ मात्र) प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं.२(घ)**

रामधुनी नगरपालिकाको आ.व. २०८२/०८३ को हिउँदे सभा पौष २५ गतेभित्र सम्पन्न गर्ने भनिएकोमा विविध कारणवश सो अवधि भित्र सम्पन्न हुन नसकेकाले पौष ३० गते सम्पन्न गर्ने निर्णय गरियो।

**निर्णय नं.२(ङ)**

रामधुनी नगरपालिका वडा नं. ४ स्थित आरए घाट स्थलमा रहेको सुकेको रूखबाट क्षति पुग्न सक्ने सम्भावना रहेको हुँदा उक्त रूखको उचित व्यवस्थापनका लागि जिल्ला वन डिभिजन कार्यालय सुनसरी लाई आवश्यक पहल गरी पत्राचार गर्ने निर्णय गरियो।

**निर्णय नं.२(च)**

रामधुनी सप्लायर्स वडा नं. ६ को माग निवेदनअनुसार रामधुनी नगरपालिका क्षेत्रअन्तर्गत नयाँटोल हुँदै झुम्का आउने बाटोदेखि झुम्का बजारभित्र झुम्का पश्चिम स्टयान्डसम्म मिक्स गिट्टी हालेर समतलीकरण गरी मर्मतसम्भार गरिएको हुँदा प्राविधिक लागत अनुमान बमोजिमको रकम रु. ९०,६७०।— (नब्बे हजार छ सय सत्तरी रुपैयाँ मात्र) मर्मतसम्भार शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो।

बैठक संख्या: १५।२०८२-२०८३
बैठक मिति:२०८२।०९।२३ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

निर्णय नं.२(छ)

SUGAM TRADERS, इटहरी—६, सुनसरीको पत्रअनुसार उक्त Traders मार्फत तेह्र बालबालिका स्कुलको सवारी साधन मर्मत गरिएको हुनाले विल वमोजिमको रकम रु. १,३३,६७९।— (एक लाख तेइस हजार छ सय उन्नन्नब्बे मात्र) सवारी साधन मर्मत शीर्षकवाट भुक्तानी गर्ने निर्णय गरियो।



बैठक संख्या: १५।२०८२-२०८३
बैठक मिति:२०८२।०९।२३ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

निर्णय नं.२(ज)

यस रामधुनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय झुम्का सुनसरीमा मिति २०८२।०५।१६ गते देखि स्थानीय इन्जिनियरिङ सेवा, सिभिल समूह सहयाकस्तर पाचौं तहमा कार्यरत कर्मचारी श्री प्रमोद ढुङ्गाना लाई कोशी प्रदेशको स्थानीय सरकारी सेवा(गठन तथा संचालन) ऐन, २०८० को दफा २४ को उप दफा ४ बमोजिम त्रियुगा नगरपालिकाको कार्यालयमा सरुवा भई जान सहमति प्रदान गर्ने निर्णय गरियो साथै निज लाई यस कार्यलयबाट कुनै पनि विभागिय कारवाही नगरिएको व्यहोरा जानकारी गराइन्छ ।

प्रमुख प्रशासकीय अधिकृत
रामधुनी नगरपालिका

शंकर लाल चौधरी
नगर प्रमुख
रामधुनी नगरपालिका